# पुतलीबजार नगरपालिकाको पाँचौ नगर सभामा नगर प्रमुख ज्युवाट पेश भएको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम

**सभाका सदस्यज्युहरु**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकार अनुसार स्थानीय सरकारको रुपमा पाँचौ नगर सभामा उपस्थित भई आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । यस गरिमामय सभामा सम्पूर्ण सदस्यज्युहरु लगायत उपस्थित सवैमा हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गरिमामय अवसरमा, नागरिकवाट निर्वाचित भइ नागरिकहरुले नै स्वयं शासन व्यवस्था सञ्चालन गर्ने यो परिवर्तन ल्याउन  विभिन्न आन्दोलन गरी आन्दोलनहरुमा ज्यान गुमाएका ती ज्ञात अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यसै अवसरमा हाम्रा अग्रज तथा यस नगरपालिकाका प्रथम मेयर स्व उमेशचन्द्र थापा प्रति पनि म हार्दिक सम्मान एवं श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जनआन्दोलनको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई पनि म  यस अवसरमा स्मरण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभासदज्यूहरु,**

संघीय शासन प्रणाली अनुसार नयाँ नगरपालिकाको गठन भए पश्चात नवनिर्वाचित पदाधिकारीहरुले नेतृत्व सम्हाले पश्चात हामीले चारवटा नगर सभाहरु सफलतापूर्वक सम्पन्न गरि सकेका छौ । जसमा दुईवटा बजेट सभाका रुपमा रहे भने दुई वटा नियमित नगर सभा रहेका थिए । ती नगर सभाहरु सम्पन गर्न र सभाले पास गरेको नीति कार्यमहरु कार्यान्वयन गर्न आ-आफ्नो स्थानवाट सक्रिय भई सकारात्मक सोचका साथ योगदान पुर्‍याउनु भएका सभासदज्यूहरु तथा संघ तथा प्रदेशका माननीय ज्यूहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरु, सम्पूर्ण जनसमुदायहरु राजनैतिक दलहरु, पत्रकार मित्रहरु, संघ संस्थाहरु, राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक, विद्यार्थीहरुमा म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै आगामी दिनमा यो सक्रियताका अझ बढी प्रभावकारी र दिगो रुपमा अगाडी बढी थप उत्साह र उर्जाकासाथ जनसेवामा समर्पित भईरहनु हुनेछ भन्नेमा म विश्वस्त छु । विगतमा पास गरेका नीति तथा कार्यक्रम र योजना कार्यान्वयन गर्ने क्रममा सिकेका सिकाई, भोगाई र व्यवहारिक अभ्यासवाट देखिएका कमी कमजोरी हरुलाई सच्याउदै सकारात्मक र राम्रा पक्षहरुलाई अगाल्दै आगामी दिनमा अझ बढी निखारका साथ निष्पक्ष, पारदर्शि भइ जनसेवामा तल्लीन रहन र नगरको समृद्धिमा लाग्न म सवैमा अनुरोध गर्न चाहन्छु ।

**सभासदज्यूहरु,**

यस अघिका नगरसभावाट पास गरेका जनजीविका संग सम्वन्धित नीति तथा कार्यक्रमहरु मध्ये करीब ९० प्रतिशत नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा गइसकेको कुरा नीति विश्लेषणवाट देखिएको छ । साथै हामीले गरेको दुइ वर्ष अवधिको मुल्यांकनमा सरोकारवालहरुवाट आएको प्रतिक्रियाले समेत यसलाई पुष्टि गरिसकेको छ । नगर गौरवका रुपमा सञ्चालित योजनाहरु जस्तै उज्यालो शहर बनाउने, फोहरमैला व्यवस्थापन, सडक चौडा पार्ने, वडा केन्द्रसम्म जोड्ने सडकहरुको निर्माण र सुधार गर्ने, खानेपानी व्यवस्थापन गर्ने, आय आर्जन र सीपमुलक तालिम प्रदान गर्ने,  आदि योजना तथा कार्यक्रमहरु समेत सफलतापूर्वक सम्पन्न हुने गरी अगाडी

बढीरहे कै छन् । हामी संग भएको श्रोत अत्यन्त न्युन र सीमित भएका कारण आमनागरिकले अपेक्षा गरे अनुसारको प्रतिफल तिव्र गतिमा हासिल हुन नसकेता पनि हाम्रा नीति तथा कार्यक्रम, हाम्रो व्यवस्थापन, हाल सम्मको प्रगतिले तिव्र रुपमा प्रतिफल दिने गरी अगाडी बढिरहेको प्रतिविम्वित गराउदछन् । यसका साथै सीमित श्रोत र साधनहरुलाई सदुपयोग गरी विकास निर्माणमा प्रयोग गर्नका लागि अधिकतम प्रयास गरिएकोछ । चालु आर्थिक वर्षका लागि नगर सभावाट अनुमानित गरे अनुसारको आन्तरिक आय लक्ष्य प्राप्तिको नजिक छ । यस आ.व.को जेठ मसान्त सम्म करीब ९० प्रतिशत आय लक्ष अनुसार प्राप्त भएतापनि केन्द्रिय सरकारवाट प्राप्त भएको श्रोत औसत रुपमा भएको कारणले आशातित लक्ष्य हासिल गर्न केही कठिन हुने देखिन्छ तापनि सर्वसाधारण, बुद्धिजिवी, व्यवसायी संघसस्था लगायत सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक सहयोग प्राप्त भइरहेमा सीमित श्रोतलाई अधिकतम उपयोग गरी अगाडी बढ्न सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

**सभासदज्यूहरु,**

संघीय प्रणाली अनुसार देशमा प्रदेश र संघको निर्वाचन भई सरकार बन्नु अगाडी नै चुनौतिपूर्ण अवस्थामा नगरले प्रथम नगरसभामा लिएका नीति तथा कार्यक्रमहरु धेरै जसो दीर्घकालिन खालका भएका र तिनको कार्यान्वयन भइरहेकाले आगामी आर्थिक वर्षमा पनि प्रथम र तेस्रो नगरसभाले पास गरेका धेरैजसो नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने महशुस भएको हुँदा सोही बमोजिम नीति तथा कार्यक्रम प्रस्तुत गरको छु । अझ पनि संघीय सरकार र प्रदेश सरकारवाट तयार हुनुपर्ने कतिपय कानूनहरु तयार भइनसकेको साथै संविधानले प्रदान गरेको दुइ तह तथा तिन तहका अधिकारहरुका साझा अधिकारका कानुनहरु समेत तयार भइ सकेका छैनन् । जसले गर्दा कतिपय काम कारवाहीहरु अझै पनि अन्योलमा छन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले निर्माण गर्ने कानून निर्माण हुन सकेमा सो संगसंगै सेवा प्रवाह र योजना कार्यन्वयनमा थपसहज हुन जाने देखिन्छ । तसर्थ स्थानीय सरकारले तयार गर्नुपर्ने अन्य कानूनहरु आवश्यकता अनुसार तयार गर्दै जाने तयारीमा हामी लागेका छौ ।

**सभासद्ज्यूहरु,**

अव म, हामीले शुरुगरेको प्रथम नगर सभा वर्ष देखिका नीति, कार्यक्रम तथा योजनाहरुको समग्र विश्लेषणको आधारमा आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम निम्नानुसार पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. २०७६/७७ को लागि नगरपालिकाका नीति तथा कार्यक्रमहरु :

**आर्थिक विकास तर्फ :**

- "आफ्नो काम आफ्नो रोजगार कृषी र पर्यटन हाम्रो आधार" भन्ने नारा सहित कृषि र पर्यटन क्षेत्रलाई पुतलीबजार नगरपालिकाको रोजगारी एवं विकासको आधार बनाउने नगरसभावाट पारित नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकालाई तरकारी, दुध, मसलावाली तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर वनाउने गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुन्तलाजात फलफुलको उत्पादन, गुणस्तर व्यवस्थापन र बजारीकरणमा सहयोग गरि सुन्तलालाई नगरको पहिचानयुक्त फलफुल तयार गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरि नगरलाई **सुन्तलाको शहरको** रुपमा विकास गरिनेछ ।।

- राजमार्गको दाया र वाया सुन्तलाका विरुवा रोपी नगर प्रवेश गर्दा नै सुन्तला बगैचामा रहेजस्तो वनाउनको लागि आवश्यक पहल र छलफल गरी कार्यक्रम तय गरिने छ ।
- सुन्तला सुपरजोन कार्यक्रम मार्फत यस नगरपालिकाका सम्भावित सबै वडामा सुन्तला उत्पादन गर्न आवश्यक कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।
- भूमीको पहिचान अनुसार भू-उपयोगको एवं सरकारी जग्गाको किटान गरी संरक्षण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- फलफुल र तरकारीको लागि जमिनमा माटो परीक्षण गरी माटो सुधारका लागि आवश्यक सहयोग गरिनेछ । साथै योग्य जमिनमा पकेट क्षेत्र विस्तार गरिने छ ।
- नमुना कागती गाँउको रुपमा वडा नं ४ को रामकोष क्षेत्रमा पकेट क्षेत्रको रुपमा र वडा नं ९ काल्खु क्षेत्रलाई अलैचि गाउको रुपमा विकास गर्न चालु आ.व. वाटै कार्यक्रम थालनी गरिनेछ ।
- वाँदर भएको क्षेत्र र पाखा वारीहरुमा मेकाडिमियानट खेति विस्तार गर्नुका साथै पशुपालनको लागि उन्नत घाँस रोपण कार्यलाई विस्तार गरिनेछ ।
- पुतलीबजार नगर क्षेत्रभित्रका बजार एवं बस्ती संरक्षण तथा कृषियोग्य जमीनको संरक्षणको नीतिलाई निरन्तरता दिईनेछ ।
- उत्पादनशील भूमीलाई अत्याधिक रुपमा उपयोग गरेमामात्र उत्पादकत्व बृद्धि भई नगरबासीको जीवनस्तर उठ्ने भएकोले बाँझो जग्गा नराखी हाल वाँझो रहेको जग्गामा खेतीगर्ने किसानलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- पुतलीबजार नगरपालिकाका अधिकांश मानिसहरुको आम्दानीको श्रोत कृषि भएकोले उत्पादनशील भूमीमा सिंचाईंको व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- कृषी प्रयोजनका लागि स-साना टुक्रे जग्गा लाई चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्न नामसारी गर्नको लागि दिईने सिफारिस मा लाग्ने दस्तुर छुट दिइ अन्य आवश्यक सहयोग गर्ने नीति लिईनेछ । खेतीयोग्य जमिनमा प्लटिङ गर्ने कार्यलाई निषेध गरिनेछ ।
- कृषि लाई आधुनिकरण र व्यवसायिकरण गर्न आधुनिक कृषि औजार प्रयोगमा प्रोत्साहन गरिनेछ ।
- युवालाई स्वरोजगार बनाउनको निम्ति आवश्यकताको आधारमा शीपमूलक तालिमदिने र कृषि, वन, पर्यटन र निर्माणका क्षेत्रमा क्रियाशिल बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- मेयरसंग रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगदे वाली र पशुपालनको पकेट क्षेत्र पहिचान गरी सामुहिक वा व्यक्तिगत उत्पादन प्रणालीलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- कृषकद्वारा उत्पादित वस्तुको बजारीकरणको निम्ती नगरक्षेत्रभित्रका विभिन्न स्थानहरुमा हाटबजार एवं संकलन केन्द्रहरुको स्थापनागर्ने नीतिलिईनेछ ।
- यस नगरपालिकाभित्र निर्माणाधिन अवस्थामा रहेको शीत भण्डार (Cold Store)लाई छिटो निर्माण गरी किसानको पक्षमाल्याउन यस न.पा.ले शेयर/अनुदान उपलव्ध गराउने तथा अन्य निकायसंग साझेदारी गरी लगानी बढाइ आगामी १ वर्षभित्र निर्माणसम्पन्न गर्ने गरी आवश्यक पहल गरिनेछ ।
- कोल्मा, राङ्गभाङ्ग, हुनिकोट, स्याङ्गजाबजार, सतौंकोट हुँदै खर्सु भ्यू टावर लाई मिलिनियम ट्रेकको विकास गरी कोल्मा कालीकाकोट, स्याङ्जा हुडीकोट, बहाकोट कालिकाकोट, सतौं कालिकाकोट, सतौंको

भुमस्थान, पौवैगौडेको नुवाकोट, पेल्काचौरको मनकामना, गुणीखोलाको चम्पागिरी आश्रम, वडा नं ४ को भालुपहाड, अग्लोडाँडा भ्यु प्वाइन्ट, फुलवारी, इन्द्रेशको ऐतिहासिक मस्जिद जस्ता धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास र विस्तारको लागि विशेष योजना संचालन गरिनेछ ।

- बाजपुरको चण्डीस्थान, पाणिनी गुरुकूलआश्रम, पेल्काचौरको महादेवधाम, राङखोलाको सिद्धबाबा, सितलादेवीका गोरुजुरेमन्दिर, नेवारेखोलाको रोल बराहीमन्दिर गउकोटडाडा, ठुलाडिहीको बरडाडा शिव मन्दिर, बराही मन्दिर ठुलाडिही, लामागेको पञ्चमुखी शिवालय मन्दिर, टक्सारको शिव मन्दिर, चिरुवा बराही मन्दिर, स्याङ्जा बजार कामीडाँडाको बौद्ध गुम्बा, कैलासेश्वर महादेव मन्दिर४, आलेथुमको सिद्ध गुफा, तीखेचुली, नागेश्वर मन्दिर १०, नेवा संग्राहलय, घलामडाँडा झापाकोट मन्दिर, शिव थुम्का, जलविष्णुदेवी, सिद्धेश्वर, पशुपती मन्दिर, भारकोट स्तुपा, हरिहर धार्मिक पर्यटकीय स्थल शितलादेवि लगायत नगरपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, ऐतिहासिक पर्यटकीय स्थलको विकास र विस्तारगर्दै लैजाने नीतिलाई निरन्तरता दिईनेछ ।
- प्याराग्लाईडिङ्ग विद्यालय र सम्बन्धित विद्यार्थीलाई प्रोत्साहन एवं प्रबर्द्धन गर्ने नीति निरन्तरता दिईनेछ ।
- आँधीखोला, अरौदीखोला र वाडखोलाको संगम स्थललाई "श्रवण कुमार" को पहिचान सहित"त्रिवेणी धाम" तिर्थस्थल बनाउने नीति अनुरुप सम्बन्धित खोलाको सरसफाई अभियान सञ्चालन गरिनुका साथै डि पी आर तयार गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक पर्यटकीय स्थलमाभ्यू टावर निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- औद्योगिक विकासका लागि उद्योगग्राम स्थापनाको लागि वडा नं ४ मा जग्गाको पहिचान गरी डि पि आर तयर हुने क्रममा रहेकोले उक्त डिपिआर अनुसार आवश्यक कार्यहरु गरिने छ ।
- कम्तीमा १५ जना श्रमिक लाई रोजगारी दिने गरि स्थापना हुने उद्योग स्थल सम्म आवश्यक भौतिक पूर्वाधारमा (सडक, विद्युत र पानी) नगरपालिका बाट लगानी गरिने नीति अवलम्बन गरिनेछ ।
- घरेलुतथा साना उद्योगहरु संचालन र व्यवस्थापन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- उद्योग तथा व्यवसायिक क्षेत्रमा नीजी क्षेत्रको लागानी प्रवर्द्धन गर्ने तथा लगानीमैत्री वातावरण सृजना गरिनेछ ।
- एक परिवार एक उद्यमको नीति लागु गरिनेछ ।

## भौतिक पूर्वाधार विकास तर्फ :

- वामपन्थी एवं प्रजातान्त्रिक आन्दोलनका अग्रज योद्धाहरुको स्मरण एवं सम्मानमा नगरका मुख्य चोकमा रहेका शालिकहरुको संरक्षण गर्दै नयां शालिक निर्माण गरिनुका साथै स्याङजा बजारको मुख्य चोकमा टावर समेत निर्माण गरिनेछ ।
- पुतलीबजार नगरपालिकालाई "**पुतलीबजार नगर-उज्यालो सहर**"को नारा दिइ उक्त नारालाइ लाई साकार पार्ने प्रथम नगर सभाले लिएको नीतिलाई निरन्तरता दिई नगरपालिका, साझेदार निकायर जनसहभागितावाट समेत लगानी वृद्धि गरी थप व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिकालाई Satalite city को रुपमा विकास गर्न प्रदेश सरकारवाट बजेट विनियोजन भइसकेकोले त्यसलाई कार्यान्वयन गरिनेछ ।

- नगरपालिकावाट विगत देखी नै शुरुवात भई सञ्चालनमा रहेका नगर गौरव लगायतका अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका विभिन्न स्थानहरुमा केवुलकार सञ्चालनको संभाव्यता अध्ययनगर्ने नीतिलाई निरन्तता दिइनेछ ।
- पुतलीबजार नगरपालिकावासीलाई ३ बर्षभित्रशुद्ध र सफापिउने पानीको उपयोग गर्न सक्ने वनाउने नीतिलाई निरन्तरता दिइनेछ । स्याङजा बजारमा वडा नं १, २ र ३ का केही भाग समेटी एकीकृत खानेपानी योजना संचालन गरिने छ ।
- सुकुम्बासी विहिन नगरपालिका बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- घना वस्ती, वडा केन्द्र तथा दुई पालिका, दुई जिल्लाजोड्ने सडक, ५० हेक्टर भन्दा बढी क्षेत्रमा सिंचाइ उपलव्ध हुने सिंचाइ योजना एवं ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र संग सम्वन्धित योजनाहरुलाई विशेष प्राथमिकता दिईनगर गौरवका योजनाको रुपमा अगाडी बढाइनेछ ।
- नगर भित्रका सडकहरुलाई वाह्रैमास यातायात चल्ने गरी नियमित मर्मत सुधार गरिनेछ ।
- नगर क्षेत्रभित्रका नागरिकहरुलाई एक स्थानवाट अर्को स्थान सम्म सरल र सहज आवत जावत गर्ने सुविधा उपलव्ध गराउन साथै दुई गाऊ, दुई पालिकाजोड्न सडकपुल निर्माण नहुने नगरका विभिन्न खोला खोल्सी एवं दुर्गम स्थानहरुमा झोलुङे पुल क्षेत्रगत कार्यक्रम र नगरपालिकाको साझेदारीमा विभिन्न मोडलका झोलुङ्गे पुलहरु निर्माण गरिनेछ ।
- नगरपालिका भित्र नगर बस तथा अटो रिक्सा सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने नीतिलाइ निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्रभित्र हाल भैरहेको अव्यवस्थित ढल निकासलाई व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पुतलीबजार नगरपालिकाको प्रत्येक वडामा व्यवस्थित वस्ती विकासको लागि आवश्यक पहल गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी गरिनेछ ।
- वडास्तरीय योजना तथा कार्यक्रम वडा कार्यालयमा नै सम्झौता गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गरी भुक्तानी सम्वन्धि वडास्तरमा नै गर्ने व्यवस्था मिलाउन आवश्यक प्रवन्ध गरिनेछ ।
- नगर सडक तथा यातायात गुरुयोजना (MTMP)तयार गरी आवश्यक योजना तर्जुमा गरिनेछ ।
- यस नगरपालिका भित्र कृषि, ईन्जिनियरिङ्ग, नर्सिङ्ग, हाइड्रोइलेक्ट्रीकल्स जस्ता प्राविधिक शिक्षालय प्रारम्भ गर्न आवश्यक सहयोग गर्ने र पूर्वाधार विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरका वडा कार्यालयहरुमा आगामी ३ बर्षभित्र पक्की सडक पुऱ्याउने नीतिलाई निरन्तरता दिइनेछ ।
- उमेशचन्द्र मार्गको स्तरोन्नतीका लागि प्रदेश र संघ सरकारवाट बजेट विनियोजन भइ कार्य प्रारम्भ भइसकेकोले यसलाइ थप निरन्तरता दिइनेछ ।
- भूकम्प पिडित जनताले आवास निर्माण गर्दा निशुल्क नक्सापास गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

- वडा कार्यालय नभएका वडाहरुमा कार्यालय भवनका लागि कम्तीमा एक रोपनी जग्गा खरीद गरी भवन निर्माण गर्ने कार्यलाई प्राथमिता दिइने छ ।
- सडक लगायतका पूर्वाधार निर्माण गर्दा वायोइन्जिनियरिङ कार्यलाई समेत समावेश गरी योजना सञ्चालन गरिने छ ।
- सडक सम्वन्धि योजना सञ्चालन गर्दा मापदण्ड पुरा भएका सडकहरुमा कम्तिमा ६० प्रतिशत काम पक्की संरचना सम्वन्धि कार्य गर्ने गरी सञ्चालन गरिनेछ ।
- राष्ट्रिय राजमार्ग, जिल्लास्तरीय एवं नगरस्तरीय मार्ग संग जोडिएर सहायक मार्गको नयां ट्र्याक खोल्दा स्थानीय तहवाट अनुमति लिएर मात्र खोल्न पाइने नीति लिइनेछ । साथै सडकहरुले समेटेको मापदण्ड अनुसारको जग्गाको लगत कट्टा गर्ने नीति अवलम्वन गरिनेछ ।
- दुरसंचार सम्वन्धि पूर्वाधारहरुको क्षमता विकास गरी नगरपालिकाका सवै स्थानहरुमा संचार सेवाहरुको सहज पहुँच पुर्‍यउने नीति लिइनेछ ।
- टेलिभिजन, एफ.एम रेडियो तथा पत्रपत्रिकाहरुको स्थापना, क्षमता विकास र गुणस्तर सुधारका लागि सामुदायिक तथा नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।
- विद्युत सेवा नपुगेका स्थानहरुमा सेवा उपलव्ध गराउन र विद्युत सेवा पुगेका स्थानहरुमा भरपर्दो सेवा प्रदान गर्ने नीति लिइनेछ ।
- वैकल्पिक उर्जाको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**सामाजिक विकास**

- एकल महिला, अशक्त, बृद्धबृद्धा र फरक क्षमता भएकाव्यक्तिहरुको सामाजिक सुरक्षाभत्ता वितरणलाई थप सहज वनाउन वैंकिङ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- विकास कार्यक्रम तथा आयोजनाहरुलाई बढीभन्दा बढी रोजगारीमुलक र लैंगिक दृष्टीले उत्तरदायी बनाउन आयोजनाका सवै चरणमा लैंगिक पद्धतिहरुको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ ।
- जिल्ला अस्पताल स्याङ्जाको स्तरोन्नती गरी शल्यक्रियाका सेवा लगायत अन्य सेवा समेत थप प्रभावकारी बनाउन पहल गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिद्वारा सञ्चालन हुने औद्योगिक कार्यमा नगरपालिकाद्धारा विशेष सहुलियत प्रदान गरिने नीति लिइनेछ ।
- नगरभित्रका धार्मिक शैक्षिकसंस्थाहरुको स्तरोन्नती र गुणस्तर विकासगर्ने गरी आवश्यक नीति तर्जुमा गरि लागु गरिनेछ ।
- युवाहरुलाई कुलतमा फस्नबाट जोगाउन लागुऔषध निषेध र मदिरा नियन्त्रणका लागि प्रवर्द्धनात्मक र नियन्त्रणात्मक कार्यहरु सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- युवाहरुलाई खेलको माध्यमवाट अनुशासित र मर्यादित जिवन यापन गर्न सकिने बनाउन खेल र खेलाडीको विकास गर्दैजानै नीति लिइनेछ ।
- नगरस्तरीय अन्तर विद्यालय मेयरकप खेलकुद कार्यक्रम संचालन गरिनेछ ।
- उमेशचन्द्र मेयर कप फूटवल कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एक वडामा एक बाल उद्धानको स्थापनागर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

- वालमैत्री स्थानीय शासन प्रणाली लाई अवलम्वन गरिनेछ ।
- सबै प्रकारका  बालश्रम लाई निषेध गरिनेछ ।
- बालबालिकाहरुलाई मदिरा एवं सुर्ती जन्य पदार्थ किनबेच गर्न रोक लगाउने नीति लाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा एक/एक वटा खेल मैदाननिर्माण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- नगरपालिकाको सदरमुकाममा रहेको मालेबगर खेल मैदानलाई रंगशालाको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गर्ने नीति लिइनेछ । साथै नगरभित्र रहेका अन्य खेल मैदानहरुको विकास र विस्तारमा सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालयलाई प्रविधियुक्त विद्यालय बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्य पुस्तक उपलव्ध गराउने गरी कार्यक्रम तय गरिने छ ।
- विद्यालयका शिक्षक, सहयोगी कार्यकर्ता तथा कर्मचारीहरुको क्षमता विकास तथा प्रोत्साहन गरि उनिहरुको सेवा प्रतिको भावनालाई उच्च र दिगो वनाउने प्रयास गरिनेछ । शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई व्यवसायिक शिप र व्यवस्थापन सम्वन्धि तालिम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड निशुल्क उपलव्ध गराउने नेपाल सरकारको नीतिलाई स्थानीय स्तरवाट थप सहयोग र प्रभावकारी बनाउने आवश्यक पहल गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ
- महिलाको श्रम र समयको वचत गर्ने प्रविधिको विकास र प्रयोगमा जोड दिइ बचत भएको समयलाई उत्पादनशिल क्षेत्रमा लगाउने नीति लिइनेछ ।
- विभिन्न जातजाती, धर्मालम्वी, कला संस्कृतिको जगेर्ना, संरक्षण र प्रबर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समाजमा वर्गीय, जातीय, लैंगिक, दृष्टिकोणबाट पछाडि पारिएका एवं एकल महिलाको आयआर्जनको निम्ती उनीहरुलाई सामाजिक परिचालन कार्यक्रमका गतिविधिसँग विशेष ढंगले जोडिने नीति लिइनेछ ।
- यस नगरपालिकाभित्र कार्यरत वा कामगर्न चाहने गै.स.स.हरुलाई उनीहरुका कार्यक्रमका आधारमा एकद्वार प्रणालीबाट सेवागर्ने अवसरको लागि समन्वयगर्ने एवं सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समाजमा रहेका विभेद, पछौटेपन, गरिवी र वेरोजगारी हाम्रो समाजविकासको वाधकरहेको विद्यमानअवस्थामायिनीहरुको न्यूनीकरण एवं अन्त्यको अभियान स्वरुपवडा विकास कार्यक्रम सञ्चालन गरी वडाको आर्थिक, समाजिक विकासलाई गति प्रदान गरिनेछ ।
- अन्तर पुस्ता सिप हस्तान्तरण कार्यक्रम गरी परम्परागत सीप र घरेलु कलालाई संरक्षण एवं सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- आदिवासी जनजाति, दलित, अल्पसंख्यक मुस्लीम तथा विपन्न वर्गका युवा विद्यार्थीहरुलाई सरकारी सेवा तथा अन्य पेशा व्यवसायमा आवद्ध गराउन आवश्यक पहल गरिनेछ ।

- लैंगिक हिंसा सम्वन्धी क्रियाकलापलाई समाजमा नै दवावमुलक रुपमा मेलमिलाप गराउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाको परिचालन गरिनेछ ।
- महिला तथा फरक क्षमता भएका व्यक्ति, समुह तथा संस्थाद्धारा उत्पादित सामाग्रीहरुको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनुका साथै कोशेलीघर संचालन र व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।
- लैंगिक उत्तरदायी बजेट विनियोजनमा वृद्धि गर्दै यो प्रणाली लाई संस्थागत गरिदै लगिनेछ ।
- मातृशिशु प्रजनन स्वास्थ्य लगायका स्वास्थ्य सेवाहरुमा सचेतना अभिवृद्धी गर्ने लगाएतका कार्यक्रम संचालन गरिनेछ ।
- गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि  पोषण कार्यक्रम संचालन गर्नका साथै आवश्यक खोप सेवाको पहुंचमा विस्तार गरिनेछ । गर्भवती महिलाहरुको लागि पौष्टिक आहारको व्यवस्था गर्ने नीति लिइने छ ।
- समाजमा रहेका विभिन्न हिंसाबाट प्रभावित एच आई भि एड्स संक्रमित बालबालिका तथा किशोर किशोरीहरु लाई निशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गरिनेछ ।
- एकीकृत वाल स्वास्थ्य एवं पोषण कार्यक्रम संचालन गरिने छ ।
- समाजमा रहेका विभिन्न किसिमका विभेद तथा छुवाछुत अन्त्य गर्न आवश्यक कार्य संचालन गरिनेछ ।
- जेष्ठ नागरिक हरुको संरक्षण, सम्मान, उपचार तथा मनोविमर्श जस्ता सहायताहरु उपलव्ध गराउँदै लगिनेछ ।
- जेष्ठ सदस्यहरुको हेरचाह तथा पालन पोषण गर्ने परिवारका सदस्यहरु लाई सम्मान गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्ति लोपउन्मुख समुदाय आदिका लागि विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
- पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरु लाई सहयोगी सेवा सामाग्री उपलव्ध गराईनेछ ।
- जेष्ठ नागरिक तथा पूर्ण आपाङ्गहरुको लागि घरदैलो स्वास्थ्य सेवा संचालन गर्ने नीति लिइनेछ ।
- शैक्षिक शुधारका लागि क्षमता विकास, सूचना व्यवस्थापन सूचना प्रविधी विकास र विस्तार गरिनेछ ।
- सर्वसाधरणमा स्वास्थ्यको सरल र गुणस्तरीय पहुच वृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ
- अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नयाँ प्रविधिको आविष्कार गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्नुका साथै उनिहरुलाई प्रोत्साहन गरी स्वास्थ्य क्षेत्रमा उनीहरुको सेवालाई अझ बढी प्रभावकारी वनाइनेछ ।
- नगरवासीहरुको स्वास्थलाई ध्यानमा राखी योग र ध्यानका कक्षाहरु सञ्चालन गरिनेछ ।
- वधशाला निर्माणको लागि प्रदेश सरकारसं साझेदारी गरी कार्यक्रम अगाडी बढाइनेछ ।

## सार्वजनिक सेवा,सुशासन तथा क्षमता विकास

- नगरपालिका र जनताको सम्वन्धलाई अझ सुदृढीकरण गर्न हरेक वडामा प्रत्यक्ष भेटघाट साथै जनता संग मेयर फोनिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- नगरपालिकाका सबै वडाहरुमा विद्युतिय शासन अनुसार इन्टरनेटको सुविधा पुऱ्याईने र कार्यालयबाट हुने कामकाजहरुलाई सूचना र प्रविधिसँगजोडी दक्षकर्मचारीहरु बनाएर छिटो, छरितो, भरपर्दो रुपमासेवाआदानप्रदान गर्ने नीतिलाईनिरन्तरता दिइनेछ ।
- कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनुका साथै समयअनुकुल पारिश्रमिक एवं कामका आधारमा प्रोत्साहन सुविधा उपलव्ध गराउने नीति अवलम्वन गरिनेछ ।
- नागरिकहरुको सुविधाको लागि नीजि क्षेत्रसंग साझेदारी गरी Free Wifi सेवा उपलव्ध गराइनेछ ।
- नगरपालिका कार्यालय, वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि कम्प्यूटर तालिमको व्यवस्थागर्ने साथै सामाजिक सुरक्षाभत्ता प्राप्तगर्ने लाभग्राहीको एवं व्यक्तिगत घटना दर्ता विवरण अनलाईन मार्फत् तयार गर्ने नीतिलाई प्रभावकारी वनाइने ।
- पुतलीबजारभित्र यातायात कार्यालय र अन्तशुल्क कार्यालयको इकाई(Unit) स्थापना गर्न पहलगरिनेछ
- विपन्न वर्गका युवाहरुलाई प्रत्येक वडामा न्यूनशुल्कमा कम्प्यूटर शिक्षाप्रदान गर्न आवश्यक पहल गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरभित्र गठित सवै सञ्जालहरुको सशक्तिकरण गरिनेछ ।
- नगरभित्र स्थायी ठेगाना भइ हाल विभिन्न मुलुकहरुमा कार्यरत नगरबासीको भावना, शीप र सुझावको कदर गर्ने नीतिलिइनेछ ।
- यस नगरपालिकाको वर्तमान अवस्था र भावीकार्यक्रमको प्रभावकारीता मूल्यांकनगर्ने पारदर्शी माध्यम बृत्तचित्रनिर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नागरिक वडापत्रको अवधारणालाई आत्मसात गर्दै क्रमश क्षतिपूर्ति सहितको नागरिक वडापत्र लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- पुतलीबजार न.पा.को आर्थिक/सामाजिकएवं भौतिकपूर्वाधार विकासको लागि स्वदेश तथा विदेशबाट सेवानिवृत एवं विषय विशेषज्ञहरुको योग्यता/दक्षताको भरमग्दुर उपयोगको नीतिलिईने छ ।
- उत्पादनप्रहरी र निर्माण प्रहरीको अवधारणाको विकास गर्ने नीतिलाइ निरन्तरता दिईनेछ ।
- सार्वजनिक परीक्षण, सामाजिक परिक्षण सार्वजनिक सुनुवाई सेवाग्राही सन्तुष्टी परिक्षण उपभोक्ता सन्तुष्टी परिक्षण जस्ता क्रियाकलाप संञ्चालन  गरी संस्थागत सुशासन कायम गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रवाहलाई प्रवाभकारी बनाउन कर्मचारी आचार संहिता  लाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- कार्यालयका सबै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरि कार्यालयलाई प्रविधीमैत्री बनाउदै कागज विहिन कार्यलय वनाउने प्रयास गरिनेछ ।
- नगरको सबै वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- उपभोक्ता समितिहरुलाई योजना संचालन, सम्पादन, भुक्तानी प्रकृयालाई सहज र सरल बनाउन अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- योजनाहरुको लागत अनुमान, मुल्याङकन र प्रतिवेदन नेपाली भाषामा तयार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत आप्रवासी श्रोत केन्द्र मार्फत मनो सामाजिक परामर्श उपलव्ध गराउनुका साथै सुरक्षित वैदेशिक रोजगार सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमका माध्यमवाट कामका लागि रोजगारमुलक योजनाहरु संचालन गरिनेछ ।
- आवश्यकता अनुसार नगरप्रहरीको व्यवस्था मिलाइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

- पुतलीबजार नगरपालिकालाई "पार्क र गुफाको नगरपालिका" का रुपमा समेत पहिचान गर्न पहल गरिनेनीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाभित्रको फोहोर न्यूनीकरण एवं व्यवस्थापनको लागि अल्पकालिन र दीर्घकालिन योजना निर्माण गरि कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- प्रत्येक नगरबासीको घर घरमा अनिवार्य शौचालयहुनुपर्ने र अत्यावश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापनगर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सवै वडामा पुर्ण सरसफाई कार्यक्रमसंचालन गरिनेछ ।
- ठुला पूर्वाधारका योजना  संचालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिनेछ ।
- नगर गौरबका सडकहरु निर्माण गर्दा वातारण संरक्षण सम्वन्धित कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था गरिनेछ ।
- खानेपानीका मुहान तथा टंकीहरुको सरसफाई र पानी शुद्धिकरण गर्न आवश्यक सचेतनामुलक कार्यहरु सञ्चालन गरिनेछ ।
- बाडिपहिरो नियन्त्रणका लागि तटबन्धन लगायतका कार्यलाई निरन्तरता दिईने नीति अवलम्बन गरिनेछ ।
- विपत व्यवस्थापनका लागि सवैवडाहरुमा रहेको खुल्ला सार्वजनिक स्थलहरुको पहिचान र व्यवस्थापन गरिनेछ ।
- वातावरण तथा विपद् व्यवस्थापन निर्देशिकाबनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई व्यवस्थित गरि परिचालन गरिनेछ ।
- नगरक्षेत्रलाई २० माइक्रोन भन्दा कमका प्लाष्टिक झोला मुक्त क्षेत्र बनाउन आवश्यक कार्यक्रम पहल गरिनेछ ।
- स्थानीय नदीखोलामा जलचर संरक्षणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक वनको संरक्षण र संवर्द्धन गरिनुका साथै सामुदायिक वनका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धिका कार्यहरु गरिनेछ ।

**सभासद्ज्युहरु**

उपरोक्त अनुसारका नीति तथा कार्यक्रमहरु छलफल, रायसुझाव सहित पारित गरी नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न विगतका दिनहरुमा जस्तै आगामी दिनहरुमा पनि यहाँहरुको सकारात्मक सहयोग रहने अपेक्षा गर्दछु ।

धन्यवाद !

सीमा कुमारी क्षेत्री
नगर प्रमुख

मिति २०७६ साल आषाढ १० गते मंगलवार

# आर्थिक बर्ष २०७६।७७ को

# नीति तथा कार्यक्रम

## पुतलीबजार नगरपालिका

स्याङ्जा